प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

# प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी) तहको विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रममा परीक्षा आवेदन फाराम भर्ने बारे जरूरी सूचना ।।।

**(सूचना प्रकाशित मितिः २०७८।०५।३१ गते)**

नेपाल सरकारद्वारा विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत देशभरका विपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुलाई प्राविधिक एस.एल.सी तहमा निःशुल्क अध्ययनका लागि २०७६ माघ १८ गते शनिवारका दिन भएको प्रशिक्षार्थी छनौट प्रवेश परीक्षावाट उत्तीर्ण गरी परिषद्का प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी) तहमा विभिन्न कार्यक्रम सञ्चालन गरेका विभिन्न आंगिक शिक्षण संस्थाहरुमा शैक्षिक शत्र २०७६/०७७ का लागि भर्ना भै रजिष्ट्रेशन कायम गरी अध्ययन गरीरहेका **नियमित तर्फका** सवै परीक्षार्थीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि सम्वन्धित शिक्षण संस्थाहरुले परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा रकम जम्मा गरिएको वैंक भौचर सहित परीक्षा आवेदन फाराम वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

## परीक्षा संचालन हुने कार्यक्रम तथा समूहहरु :-

**शैक्षिक शत्र २०७६/०७७** मा रजिष्ट्रेशन भई प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी) तहका कार्यक्रम अन्तर्गत प्रशिक्षण पुरा गरेका (१२+६) महिना अवधिका सम्पूर्ण **नियमित समूहरु** : **Agriculture (Plant Science), Civil Engineering, Electrical Engineering, Mechanical Engineering, Culinary Art**

**शर्तहरु :**

१. शैक्षिक शत्र २०७६/७७ (ई.सं.२०२०) मा रजिष्ट्रेशन कायम भएका विशेष प्राविधिक शिक्षा छात्रवृत्तिको **नियमित तर्फका** प्रशिक्षार्थीहरूको आवेदन फाराम ITMS Online मा आफ्नो शिक्षण संस्थाको User बाट Login गरी A4 साइजको सेतो पेपरमा Print गरी प्रशिक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

२. विशेष प्राविधिक शिक्षा छात्रवृत्तिको **नियमित तर्फका** प्रशिक्षार्थीहरूको आन्तरिक मूल्याकंनको प्राप्तांक Web Based Online System मा Entry गरी समष्टिगत अनुसार प्रशिक्षार्थीहरुको फाराम क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र Exam Sheet Roll Print गरी सही छाप भएको प्रमाणित Copy अनिवार्य रुपमा फाइलिङ्ग गरी पेश गर्नुपर्नेछ । प्रशिक्षार्थीहरुको सिम्बल नं. कायम भई सकेपछि Entry गरी सकेका आन्तरिक मूल्यांकन प्रातांक पछि परिवर्तन हुने छैन । साथै नियमित शुल्कको समय भित्र Web Based Online System मा फाराम Entry नगरेमा विलम्व शुल्क लाग्नेछ ।

३. सम्वन्धित शिक्षण संस्थाले प्रशिक्षार्थीले भरेको परीक्षा आवेदन फाराममा रजिष्ट्रेशन अर्धकट्टीको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्यथा परीक्षा आवेदन फाराम बुझिने छैन ।

४. नियमित प्रशिक्षार्थीहरूको हकमा ९०% हाजिरी भएका र आन्तरीक मूल्याङ्कन सबै विषयमा उत्तीर्ण भई योग्य भएका प्रशिक्षार्थीहरूलाई मात्र अन्तिम परीक्षामा सम्मिलित गराइने छ । अन्यथा आन्तरीक मूल्याङ्कनमा अनुत्तीर्ण भएका प्रशिक्षार्थीहरुलाई अन्तिम परीक्षामा सम्मिलित गराएमा त्यस्ता प्रशिक्षार्थीहरुको सम्बन्धित विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

५. कुनै पनि शिक्षण संस्थाले रजिष्ट्रेशन नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नतिजा स्वतः रद्ध हुनेछ । र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ ।

६. ***परीक्षा शुल्क :*** कार्यक्रम संचालन गरेका शिक्षण संस्थाको लागि नियमित प्रशिक्षार्थीको प्रति प्रशिक्षार्थी रु.२०००।- (अक्षरेपी दुई हजार मात्र) (परीक्षा शुल्क रु.१७००।- र कार्यगत मूल्याङ्कन (OJT) रु. ३००) का दरले लाग्ने रकम तपसिल बमोजिमको कार्यालयको बैंक खातमा दाखिला हुनेगरी खिचिएको वैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न राखि सम्वन्धित परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मितिमा फाराम बुझाउनुपर्नेछ । भौचरको पछाडीपट्टी शिक्षण संस्थाको नाम, ठेगाना र प्रयोजन स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।
   (क) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौडा शाखा, च.हि.नं. १३००१००००३६६९००१ मा,
   (ख) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१००००००२३४००१ मा,
   (ग) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा. बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा

७. प्रशिक्षार्थीहरूबाट व्यक्तिगत रुपमा बुझाउन ल्याउने परीक्षा फाराम सम्वन्धित प्रदेश कार्यालयहरुमा दर्ता हुने छैन ।

८. प्रशिक्षार्थीहरुले फाराम भर्दा OJT तथा प्रयोगात्मक विषय समेत अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ र सो को समेत राजस्व जम्मा गरेको हुनुपर्नेछ ।

९. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समय पछि प्राप्त आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन, त्यसको जवाफदेही स्वयं शिक्षण संस्था हनेछ ।

१०. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाइएमा परीक्षा आवेदन फाराम बुझिने छैन ।

११. **प्रशिक्षार्थीहरुको लागि सम्वन्धित शिक्षण संस्थामा परीक्षा फाराम वुझाउने अन्तिम मितिः**
   नियमित शुल्कको हकमा : **मिति २०७८।०५।३१ गते देखी २०७८।०६।१४ गते भित्र ।**
   विलम्व शुल्कको हकमा : **मिति २०७८।०६।१५ गते देखी २०७८।०६।२२ गते भित्र ।**
   शिक्षण संस्थाहरुले नियमित शुल्कमा परीक्षा दस्तुर बुझाउने अन्तिम मितिको भोलिपल्ट तोकिएको खातामा रकम जम्मा गर्नुपर्नेछ र बिलम्ब शुल्कको हकमा सो मितिको भोलिपल्ट परीक्षा दस्तुर तोकिएको खातामा जम्मा गरी आवेदन फारमको फाइल सहित सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा मिति २०७८।०६।२४ गते भित्रमा बुझाउनु पर्नेछ । (विलम्व शुल्क भन्नाले नियमित शुल्कको (कार्यगत शुल्क वाहेक) दोब्बर शुल्क भन्ने वुझ्नुपर्ने छ ।)

१२. प्रवेश पत्र सम्बन्धित शिक्षण संस्थाले परीक्षा सुरु हुने एक हप्ता अगावै परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुबाट बुझि लैजानु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन ।

१३. अन्य जानकारीको लागि परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**नोटः**

(१) सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७८।०६।१४ गते भित्र नियमित शुल्कको तथा मिति २०७८।०६।२२ गते कार्यालय समय भित्रमा बिलम्ब शुल्कका आवेदन फारामहरु Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

(२) सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य सम्पन्न नभएको भए बैकल्पिक बिधि वा भौतिक रुपमा उपस्थित गराई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै प्रशिक्षण कार्य सम्पन्न गर्नु पर्नेछ ।

(३) परिषद्, प्रदेश कार्यालयहरुले प्रशिक्षणको अवस्थाको अनुगमन गरी पाठ्यक्रम अनुसारको प्रशिक्षण कार्य सम्पन्न भए नभएको एकिन गरी बार्षिक परीक्षा प्रणाली अन्तर्गतका कार्यक्रमहरुको परीक्षा संचालन गर्नको लागि समयावधि तोकी सिफारिस गर्ने ।

(४) आंशिक तर्फका परीक्षार्थीहरुको लागि प्रि-डिप्लोमा तहको पुर्ण शुल्कीय तर्फको नियमित/आंशिक परीक्षा आवेदन फाराम खुलेको समयमा भर्ने व्यवस्था मिलाइएको छ ।

**नोटः यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिने छ ।**

**परीक्षा नियन्त्रक**